कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३२५ | वि.सं. २०८२ चैत ३ मंगलवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष त्रयोदशी | Tuesday 17 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


### बर्दिया राष्ट्रिय निकुञ्जमा सिकारी हराएको प्रकरण :

## १० दिन अघि नै मारिएका थिए टोपबहादुर

**ओम शाही**
**सुर्खेत, २ चैत ।**

२३ फागुनमा सुर्खेतका ६ जना व्यक्ति सिकार खेल्न बर्दिया राष्ट्रिय निकुञ्जमा प्रवेश गरे । जिल्लाको बराहताल गाउँपालिका-१, का पाँच र लेकवेशी नगरपारिकाल-८, का एक गरी ६ जना भरुवा बन्दुक र आवश्यक घरेलु हातहतियारसँगै बास बस्ने गरी झण्डै १७ किलोमिटर दुरी पार गरेर सिकारका लागि निकुञ्जमा प्रवेश गरेका थिए ।

उक्त सिकारी समूहमा थिए, बराहतला गाउँपालिका-१, का २५ वर्षीय रेशम समसेली, ४१ वर्षीय रबिलाल दमाई, ३४ वर्षीय रामबहादुर घर्ती, ३० वर्षीय सुनिल समसेली, ३३ वर्षीय टोपबहादुर खत्री ।

यस्तै, लेकवेशी नगरपालिका-८, का ४५ वर्षीय दुर्गाबहादुर सिजाली पनि उनीहरुसँगै थिए । देश प्रतिनिधिसभा निर्वाचनमा होमिएको समयमा उनीहरु सिकारका लागि जंगल छिरेका थिए ।

स्थानीयका अनुसार उनीहरु मौका छोपेर सिकारका लागि निकुञ्जमा पसिरहन्थे । पूर्वयोजना मुताविक निकुञ्ज प्रवेश गरेका उनीहरु अकस्मात २३ फागुनमै घर फर्किए । तर घर फर्कने मध्येमा थिएनन्, ३३ वर्षीय टोपबहादुर खत्री । चोरी सिकारी गर्न नपाइने कडा कानुनको नजरअन्दाज गरेर निकुञ्ज पसेकाहरु घर फर्कदा भने निकै हतास देखिन्थे । यसको कारण थियो, सँगै गएका टोपबहादुरको मृत्यु । बिहान सिकार गएकाहरु एक्कासी घर फर्के, तर टोपबहादुर फर्केनन् ।




घर फर्केकाहरुले उनी उतै जंगलमा मरेको सुनाए । तर मृत्युको कारण भने खुलाएनन् । आफ्ना परिवारका सदस्यसँग केही नभन्नु भन्दै सोही दिन उनीहरु भारततर्फ भागे । यो घटना सोमबार मात्र सार्वजनिक भएको हो । पिडकहरुले परिवारका सदस्यलाई टोपबहादुरको मृत्यु भएको खबर कसैलाई नभन्नु भनेका थिए ।

तर घटनाका बारेमा सिकार खेल्नसँगै गएका सुनिल समसेलीकी आमाले टोपबहादुरका भिनाजु आसे महतरालाई घटनाका बारेमा सुनाइन । घटनाका बारेमा थाहा पाउना साथ महतरा तत्काल प्रहरी चौकी रानिघाट पुगेपछि घटनाको रहस्य बाहिर आएको हो ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढथापाका अनुसार स्थानीय आसे महतराले सोमबार बिहान आफ्ना साला नाता पर्ने टोबहादुर खत्रीसहित ६ जना सिकार खेल्न गएको अवस्थामा सम्पर्कविहन भएको जानकारी गराएका थिए ।

महतराले आफ्ना साला टोपबहादुरको मृत्यु भएको जानकारी गराएसँगै प्रहरी चौकी रानिघाटबाट प्रहरी सहायक निरीक्षक टोपेन्द्रसिंह ठकुरीको कमाण्डमा चार जनाको प्रहरी टोली खोजतलासमा खटिएको थियो । उक्त टोलीले घटनाका बारेमा थप बुझेर जिल्ला प्रहरी कार्यालय बर्दियालाई खबर गरेको छ । प्रवक्ता बुढथापाका अनुसार घटनास्थल बर्दिया जिल्लामा पर्दछ । उनले १० दिनअघि अर्थात २३ फागुनमा घटना घटेको र अभियूक्त पाँचै जना भारततर्फ लागेको हुनसक्ने बताए । उनका अनुसार एक आपसमा झगडा भएको वा जनावरलाई हानेको गोली मृतक भनिएका टोपबहादुरलाई लागेको हुनसक्ने प्रारम्भिक अनुमान छ । उनीहरुको खोजि कार्य सुरु भइसकेको उनको भनाई छ ।

घटना घटेको बर्दिया राष्ट्रिय निकुञ्ज र बराहताल गाउँपालिकाको वडा नम्बर १ सिमावर्ती क्षेत्र हुन् । उत्तरी पानी ढलो सुर्खेत र दक्षिण पानी ढलो बर्दिया राष्ट्रिय निकुञ्ज पर्दछन् ।

यता बर्दिया राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सरोजमणी पौडेलले घटनाका बारेमा जानकारी प्राप्त हुनासाथ खोजतलास जारी राखिएको बताए । उनले निकुञ्जका तर्फबाट अुनसन्धान अधिकारी तोकेर प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

'घटनाका बारेमा समाचार आएपछि हामीलाई थाहा भएको हो । हामीले आवश्यक मुभ लिइसकेका छौं । मंगलबार नेपाल प्रहरी, नेपाली सेना, निकुञ्जका कर्मचारी लगायतको टोली ड्रोन क्यामेरासहित घटनास्थलमा खटिएर खोज तलास गर्छ,' सूचना अधिकारी पौडेलले भने ।

## बैंकहरूले राष्ट्र बैंकमा राखेको रकम फेरि कट्यो ९ खर्ब

**युग संवाददाता**
**काठमाडौं, २ चैत ।**

बैंकहरूले राष्ट्र बैंकमा राखेको दोस्रो पटक नौ खर्ब कटेको छ । बैंकहरूले यसरी राखेको रकम आइतबार दोस्रो पटक नौ खर्ब कटेको हो । आइतबार यस्तो रकम नौ खर्ब एक अर्ब रूपैयाँ पुगेको छ । यसअघि फागुन १३ गते पहिलो पटक यस्तो रकम नौ खर्ब १२ अर्ब पुगेको थियो । राष्ट्र बैंकले विभिन्न मौद्रिक उपकरणमार्फत बैंकहरूमा कर्जा लगानी गरेर उब्रिएको यस्तो रकम तानेको हो ।

त्यस्तै, पुँजी कम हुँदा बैंकहरूको प्रणालीमा पैसाको प्रवाह बढाउन पनि राष्ट्र बैंकले विभिन्न मौद्रिक उपकरण जारी गर्छ । निक्षेप संकलन र स्थायी निक्षेप सुविधा जस्ता वित्तीय उपकरण मार्फत विभिन्न अवधिको लागि राष्ट्र बैंकले बैंकहरूबाट पैसा तान्ने गर्छ ।

करिब दुई वर्षदेखि बैंकहरूमा पैसा थुप्रिएको छ । पैसा थुप्रिए पनि त्यही अनुसार बैंकहरूले कर्जा लगानी बढाउन नसक्दा राष्ट्र बैंकले उब्रिएको रकम तानिरहेको हो । कात्तिकदेखि बैंकहरूले राष्ट्र बैंकमा राखेको रकम आठ खर्ब माथि छ ।

बैंकहरूमा अहिले धेरै रकम भित्रिरहेको तर त्यही अनुसार कर्जा लगानी नभइरहेको यसले संकेत गर्छ । कर्जा लगानी जति कम भयो यसरी राखिने रकम बढ्दै जान्छ भने जति बढ्दै गयो, यसरी राखिने रकम त्यति नै कम हुँदै जान्छ । कर्जा लगानी बढ्न नसकेकै कारण बैंकहरूले राष्ट्र बैंकमा २.६३ प्रतिशतदेखि तीन प्रतिशत ब्याजदरमा पैसा राखिरहेका छन् ।

बैंकहरूसँग अहिले १२ खर्बभन्दा धेरै रकम कर्जा लगानीको लागि उपलब्ध छ । बैंकहरूमा अहिले ७७ खर्ब ६४ अर्ब निक्षेप छ । बैंकहरूले ५८ खर्ब ११ अर्ब कर्जा लगानी गरेका छन् । बैंकहरूको निक्षेपको तुलनामा ७४.१० प्रतिशत कर्जा लगानी गरेका छन् ।

## जुम्लामा ३३०.२८ हेक्टरमा डढेलोबाट वन क्षति

**युग संवाददाता**
**जुम्ला, २ चैत ।**



जिल्लामा गत आर्थिक वर्षभर ३३०.२८ हेक्टरमा डढेलोबाट वन क्षति भएको छ । डिभिजन वन कार्यालयका प्रमुख भरत बुढ्थापाका अनुसार उक्त वर्षमा २९ स्थानमा वन डढेलो लागेको र अनुमानित वन क्षेत्र करिब ३३० दशमलव २८ हेक्टर वन जङ्गल डढेलोबाट क्षति भएको बताए ।

चालु आर्थिक वर्षको ८ महिनासम्म यहाँका आठवटै स्थानीय तहका विभिन्न ६ वटा स्थानमा डढेलो लागेको छ । अनुमानित १०० हेक्टर क्षेत्रमा डढेलोबाट वन क्षति भएको छ डिभिजन वन कार्यालय जुम्लाका प्रमुख बुढ्थापाको भनाई छ ।

कार्यालयको आयोजनामा भएको वन सुरक्षा समन्वय समिति तथा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम बोल्दै कार्यालय प्रमुख बुढ् थापाले वन डढेलो नियन्त्रणमा प्रभाकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता भन्ने मूल नारासहित जुम्लामा वन डढेलो नियन्त्रणसम्बन्धी साप्ताहिक कार्यक्रम यही चैत १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरिने डिभिजन वन कार्यालय जुम्लाका प्रमुख बढ् थापाले जानकारी दिए ।

### मापदण्ड बिना चलिरहेको उद्योगको अनुगमन :

## शिव कत्था उद्योगको फोहोर नहरमा मिसिँदा गनापुरमा दुर्गन्ध



**सरला सुवेदी**
**बाँके, २ चैत ।**

बाँकेको जानकी गाउँपालिका-६ गनापुरमा सञ्चालनमा रहेको शिव कत्था उद्योगबाट निस्किएको फोहोर पानी र लेदो नहरमा मिसाइँदा आसपासका बस्तीमा तीव्र दुर्गन्ध फैलिएको भन्दै स्थानीयवासी आक्रोशित बनेका छन् ।

उद्योगले कच्चा पदार्थ प्रशोधनपछि निस्किने केमिकलयुक्त पानी सिधै सिक्टा नहरमा मिसाइदिँदा जानकी गाउँपालिका मात्र नभई नेपालगन्ज आसपासका बस्तीसमेत प्रभावित भएका हुन् । दुर्गन्धका कारण मानव स्वास्थ्यका साथै चराचुरुङ्गी र घरपालुवा जनावरमा समेत असर परेको स्थानीयवासीले बताएका छन् । समस्या बढेपछि जानकी गाउँपालिका-५ का वडा अध्यक्ष टिकानाथ यादवको पहलमा गाउँपालिका अध्यक्ष छब्बन खाँको नेतृत्वमा उद्योगको स्थलगत अनुगमन गरिएको हो ।

स्थानीय राधा देवी विष्टका अनुसार उद्योगबाट निस्किने लेदो सिधै नहरमा मिसाइँदा त्यसको दुर्गन्ध टाढासम्म फैलिएको छ । "न्यूनतम मापदण्ड नै पूरा नगरी सञ्चालन गरिएको उद्योगका कारण वरपर बस्नै नसक्ने अवस्था छ," उनले भनिन्, "दुर्गन्धका कारण विभिन्न रोग फैलिने जोखिमसमेत बढेको छ, त्यसैले तत्काल समाधान खोज्नुपर्छ ।"

स्थानीयले उद्योगले रातिको समयमा विषाक्त लेदो नहरमा मिसाउने गरेको आरोपसमेत लगाएका छन् । उनीहरूका अनुसार उद्योग सञ्चालकले स्थानीयको गुनासो र आग्रहलाई बेवास्ता गर्दै आएका छन् । अनुगमनपछि प्रतिक्रिया दिँदै जानकी-६ का वडा अध्यक्ष जगदीश प्रसाद हरिजनले दुर्गन्धका कारण घरभित्र बस्नसमेत कठिन भएको बताए ।

"दुर्गन्धले खाँदाखाँदैको खाना पनि छोड्नुपर्ने अवस्था छ," उनले भने, "घरमा बस्न र खेतबारीमा काम गर्नसमेत समस्या भएको छ ।" उनले उद्योगलाई नहरमा फोहोर पानी नखसाल्न कडा आग्रह गरिएको जानकारी दिए ।

अनुगमनका क्रममा उद्योगले प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) नगरेको र फोहोर पानी प्रशोधनका लागि आवश्यक ट्रिटमेन्ट प्लान्टसमेत नराखेको पाइएको गाउँपालिका अध्यक्ष छब्बन खाँले जानकारी दिए । पालिकाको निर्देशन अवज्ञा गरे वातावरण संरक्षण ऐन, २०७७ को दफा १३ (१) बमोजिम उद्योग सञ्चालनमा रोक लगाउने चेतावनी पनि उनले दिएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्यायका अनुसार उद्योग निकै पुरानो भए पनि अहिले आसपासमा बस्ती विस्तार भइसकेकाले समस्या झन् बढेको छ । "उद्योग खुलेको समयमा त्यहाँ बस्ती थिएन, अहिले जनसङ्ख्या र घरधुरी बढेपछि उद्योगका कारण धेरै मानिस प्रभावित भएका छन्," उनले

बाँकी ४ पेजमा

### तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं ।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं ।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं ।
- घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं ।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं ।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं ।

**आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




# आमाको शव फेला, दुई नाबालक सन्तानको अवस्था अज्ञात

**युग संवाददाता**
**सुर्खेत, २ चैत ।**

दुई नाबालक सन्तान सहित भेरी नदीमा हामफालेकी आशंका गरिएकी आमाको शव फेला परेको छ। दुई सन्ताको अवस्था भने अझै अज्ञात छ। सुर्खेतको गुर्भाकोट गाउँपालिका-१२ पिप्लेकी ३८ वर्षीया माया कठायतको शव सोमबार बेलुकी नदीमा फेला परेको हो।

उनका दुई सन्तानहरू ११ वर्षीया छोरी र ५ वर्षीय छोराको अवस्था अझै अज्ञात छ। श्रीमती सहित आफ्ना दुई सन्तान बेपत्ता भएकोबारे ३७ वर्षीय श्रीमान भूपेन्द्र कठायतले आइतबार बेलुकीपख प्रहरी चौकी गुमीमा खबर गरेका थिए। त्यसपछि स्थानीय र प्रहरीले उनीहरूको खोजी थालेका थिए।

सुर्खेतका प्रहरी प्रवक्ता डिएसपी मोहनजंग बुढथापाका अनुसार सोमबार दिउँसो जिल्लाको लेकबेंसी नगरपालिका-३ पटारेस्थित भेरी नदीमा मायाको शव फेला परेको हो। गुर्भाकोट नगरपालिका १२ का वडाध्यक्ष तुल्सीप्रसाद शर्माका अनुसार श्रीमान-श्रीमतीको सामान्य विवादपछि माया कठायत बालबच्चा लगेर लेकबेसी-३ पटारेस्थित काकाको घरमा तीन दिनअघि गएका थिए।

भूपेन्द्र रिसाएर गएकी श्रीमती माया र सन्तानलाई ल्याउन भनेर काकाको घरमा शनिबार दिउँसो पख पुगेका थिए। तर, मायाले आइतबार बिहान मात्रै घर फर्किने भन्दै श्रीमानलाई फकाइदिएकी थिइन्।

वडाध्यक्ष शर्माका अनुसार श्रीमानसँगको सहमति अनुसार आइतबार बिहानै माया सन्तानसहित घरतर्फ जान भनेर लागेकी थिइन्। तर, उनी घर पुगिनन्। घरदेखि तीन किलोमिटर टाढा भेरी नदी किनारमा कपडा, सल, चप्पल, झोला र एउटा मोबाइल फेला परेपछि आशंका पैदा भएको थियो। त्यसैले खोजी थालिएको थियो। खोजीका क्रममा सोमबार मायाको शव फेला परेको हो। प्रहरीले घटनाबारे थप अनुसन्धान हुन जारी रहेको बताएको छ।

## सम्पादकीय....

# हानिकारक सोच त्यागौं !

नेपालको संविधानले महिलालाई समान अधिकारको प्रत्याभूति गरेको भए पनि व्यवहारिक जीवनमा अझै पनि धेरै कुरीतिहरू समाजमा जीवितै छन्। तीमध्ये कर्णाली प्रदेशमा गहिरो रूपमा जरा गाडेर बसेको छाउपडी प्रथा प्रमुख समस्या हो। कानुनी रूपमा निषेध गरिए पनि सामाजिक र धार्मिक विश्वासका कारण यो प्रथा अझै पनि धेरै समुदायमा कायम रहेको तथ्य समय-समयमा सार्वजनिक भइरहन्छ। हालै वीरेन्द्रनगरमा सम्पन्न छाउपडीसम्बन्धी दुई दिने कार्यशालाले यही यथार्थलाई पुनः उजागर गरेको छ। महिनावारी भएका महिलालाई घरभित्र बस्न नदिने, देवता रिसाउँछन् भन्ने डर देखाएर बाहिर बस्न बाध्य पार्ने जस्ता परम्परागत सोच अझै पनि समाजका केही हिस्सामा बलियो रहेको देखिन्छ। आठबीस नगरपालिका-१ सातलाका एक धामीले नै महिनावारी भएका महिलालाई घरमा राख्दा देवताले स्वीकार नगर्ने दावी गर्नुले कुरितिका जरा कति गहिरा छन् भन्ने स्पष्ट हुन्छ। अझ चिन्ताजनक कुरा के हो भने यस्तो सोच केवल अशिक्षित समुदायमा मात्र होइन, कतिपय शिक्षित र सचेत व्यक्तिहरूमा पनि व्यवहारिक रूपमा कायम छ।

छाउपडी केवल सामाजिक परम्परा मात्र होइन, यो महिलाको स्वास्थ्य, सुरक्षा र सम्मानसँग प्रत्येक्ष जोडिएको विषय हो। महिनावारीको समयमा महिलालाई घरबाट टाढा असुरक्षित स्थानमा बस्न बाध्य पार्दा उनीहरू हिंसा, रोग र अन्य जोखिमको सामना गर्नुपर्छ। यसले महिलाको मानवअधिकार नै उल्लंघन गर्ने अवस्था सिर्जना गर्छ। त्यसैले यो प्रथाको अन्त्य केवल कानुनी व्यवस्थाबाट मात्र सम्भव छैन, समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउनु अनिवार्य छ। कार्यशालामा उठाइएका धारणा र सुझावहरू यस सन्दर्भमा महत्त्वपूर्ण देखिन्छन्। स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था र समुदायबीच सहकार्य गरेर जनचेतना फैलाउने, विद्यालयको पाठ्यक्रममै महिनावारी स्वास्थ्यसम्बन्धी विषय समावेश गर्ने, सांस्कृतिक कार्यक्रम तथा सामाजिक सञ्जालमार्फत सकारात्मक सन्देश प्रवाह गर्ने जस्ता पहलहरू प्रभावकारी हुन सक्छन्। साथै, नयाँ घर निर्माण गर्दा सुरक्षित आराम कक्षको व्यवस्था गर्ने जस्ता व्यावहारिक उपायहरूले पनि महिलाको स्वास्थ्य र सम्मान सुरक्षित गर्न मद्दत पुर्‍याउन सक्छ।

छाउपडी प्रथाको अन्त्य केवल महिलाको मुद्दा मात्र होइन, यो समग्र समाजको सभ्यता र मानवीयताको प्रश्न हो। धार्मिक आस्था र परम्परालाई सम्मान गर्दै पनि वैज्ञानिक तथ्य, मानवअधिकार र स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिनु आवश्यक छ। त्यसका लागि समुदायका अगुवा, शिक्षक, धार्मिक व्यक्तित्व, स्थानीय सरकार तथा युवाहरू सबैले साझा रूपमा पहल गर्नुपर्छ। कर्णालीजस्ता क्षेत्रमा छाउपडीको अन्त्य तत्काल सम्भव नहुन सक्छ, तर निरन्तर जनचेतना, संवाद र व्यवहारिक परिवर्तनका प्रयासले यसलाई क्रमशः कमजोर बनाउन सकिन्छ। अन्ततः छाउपडी अन्त्यको वास्तविक आधार कानुनभन्दा पनि समाजको सोचमा आउने परिवर्तन नै हो। महिलालाई सम्मानित, सुरक्षित र समान अधिकारसहितको जीवन सुनिश्चित गर्न अब समाजले पुराना हानिकारक मान्यताबाट मुक्त हुने साहस गर्नैपर्छ।

## विश्व

# होर्मुज बन्दः विश्व बजारमा दबाब

**तेहरान, २ चैत ।**

इरानले कच्चा तेल आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्व ऊर्जा बजारमा तीव्र दबाब देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार नाटोका साझेदार राष्ट्रहरू तथा चीनलाई उक्त जलमार्ग पुनः सञ्चालनमा ल्याउन सहयोग गर्न आग्रह गरेका छन्।

अमेरिका-इजरायलसँग जारी युद्धको प्रतिउत्तरस्वरूप इरानले खाडी क्षेत्रको यो प्रमुख जलमार्ग बन्द गरेपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य एकाएक ४० देखि ५० प्रतिशतसम्म उक्लिएको छ। युद्ध तेस्रो हप्तामा प्रवेश गरिरहँदा कच्चा तेलको मूल्य सोमबार करिब १०० डलर आसपास पुगेको देखिएको छ। इजरायलले इरानभित्र अझै पनि 'हजारौं लक्ष्य' रहेको दाबी गर्दै दैनिक रूपमा नयाँ लक्ष्य पहिचान गरिरहेको जनाएको छ।

ट्रम्पले संयुक्त राज्य अमेरिका इरानसँग वार्तामा रहेको भए पनि तेहरान तत्काल युद्ध अन्त्य गर्ने सहमतिमा पुग्ने अवस्थामा नदेखिएको बताए। "मलाई लाग्दैन उनीहरू अहिले तयार छन्, तर उनीहरू निकै नजिक आइपुगेका छन्", उनले भने। यसअघि इरानका विदेशमन्त्रीले भने वासिङ्टनसँग कुनै पनि प्रकारको वार्ता अस्वीकार गरिएको बताएका थिए।

अमेरिकी राष्ट्रपतिले चीन, फ्रान्स, जापान, दक्षिण कोरिया र बेलायतजस्ता देशहरूलाई स्ट्रेट अफ होर्मुज हुँदै जाने तेल ट्याङ्करहरूको सुरक्षाका लागि नौसैनिक जहाज पठाउन आग्रह गरेका छन्। फाइनान्सियल टाइम्ससँग कुरा गर्दै उहाँले स्ट्रेट अफ होर्मुजबाट लाभ लिने देशहरूले त्यस क्षेत्रमा कुनै अप्रिय घटना हुन नदिन सहयोग गर्नु उचित हुने बताए। संयुक्त राज्य अमेरिकाको तुलनामा युरोपेली देशहरू र चीन खाडी क्षेत्रबाट आउने तेलमा धेरै निर्भर रहेका छन्।

बेइजिङले स्ट्रेट अफ होर्मुज पुनः सञ्चालनका प्रयासमा सहयोग नगरे चिनियाँ राष्ट्रपति सी जिनपिङसँग यस महिनाको अन्त्यमा हुने तय गरिएको शिखर सम्मेलन स्थगित हुन सक्ने चेतावनी पनि ट्रम्पले दिएका छन्। उनले आफ्नो आग्रह अस्वीकार भएमा त्यसले नाटोको भविष्यका लागि पनि नकारात्मक प्रभाव पार्न सक्ने बताए। तर जापान र अस्ट्रेलियाले भने अहिलेका लागि सैनिक तैनाथ गर्ने योजना नभएको स्पष्ट पारेका छन्।

यसैबीच इरानले अन्य देशहरूलाई मध्यपूर्वमा फैलिएको युद्धमा प्रत्यक्ष रूपमा संलग्न नहुन चेतावनी दिएको छ। फ्रान्सका विदेशमन्त्री जिन-नोएल बारोटसँगको टेलिफोन संवादमा इरानका विदेशमन्त्री अब्बास अराघचीले द्वन्द्वलाई थप विस्तार गर्ने कुनै पनि कदमबाट टाढा रहन आग्रह गर्नुभएको थियो। उनले क्षेत्रीय सुरक्षाका नाममा अमेरिकी सैन्य उपस्थितिले समस्या समाधान गर्नुको सट्टा तनाव बढाइरहेको आरोप लगाउनुभयो र छिमेकी देशहरूलाई 'विदेशी आक्रमणकारीलाई बाहिर निकाल्न' आह्वान गरे।

युद्धसँगै इरानले अमेरिकी सेना रहेको मध्यपूर्वका विभिन्न स्थानमा आक्रमण तीव्र बनाएको छ। इटालीको सेनाले कुवेतस्थित अली अल सलेम एयरबेसमा भएको ड्रोन आक्रमणमा इटालीको मानवरहित विमान नष्ट भएको तर मानवीय क्षति नभएको जनाएको छ। इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले घटनालाई कम महत्त्व दिँदै आफ्नो देश कसैसँग युद्धमा नरहेको स्पष्ट पारे।

इराकी अधिकारीहरूका अनुसार बगदाद अन्तर्राष्ट्रिय विमानस्थलस्थित अमेरिकी कूटनीतिक सुविधा नजिकै रकेट प्रहार हुँदा पाँच जना घाइते भएका छन्। उता इरानको रिभोलुसनरी गार्ड्सले हालसम्म अमेरिका र इजरायलसँग सम्बन्धित लक्ष्यहरूतर्फ करिब ७०० मिसाइल र तीन हजार ६०० ड्रोन प्रहार गरिएको दाबी गरेको छ। साउदी अरेबियाले पनि सोमबार मध्यरातयता ६० भन्दा बढी ड्रोन रोकेको जनाएको छ। दुबई विमानस्थल नजिक ड्रोनसँग सम्बन्धित घटनापछि आगलागी हुँदा केही समयका लागि उडान स्थगित गर्नुपरेको थियो। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले भने इराकको कुर्दिस्तान क्षेत्रमा इरानी डिजाइनको ड्रोन आक्रमणमा फ्रान्सेली सैनिक मारिएपछि फ्रान्सका हितमाथि भएको आक्रमण अस्वीकार्य भएको बताएका छन्।

यसबीच द्वन्द्व लेबनानसम्म फैलिएको देखिएको छ। इजरायलले बेरुतको दक्षिणी उपनगरहरूमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ।


## वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. सुर्खेतको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिती : २०८२/१२/०३

यस वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. सुर्खेतको मुख्य कार्यालय तथा सेवा केन्द्र कार्यालयहरुबाट विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि ऋण उपयोग गरेका तपसिलमा उल्लिखित ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, व्याज र हर्जाना समेतको बाँकी बक्यौता रकम तोकिएको म्यादमा नतिरी नबुझाई बाँकी बक्यौता देखिन आएकोले र यस अघि नै उल्लिखित ऋणी सदस्यहरुलाई मौखिक, लिखित तथा एसएमएसका माध्यमबाट ऋणचुक्ता भुक्तानी गर्नको लागि पटक/पटक अनुरोध गर्दा समेत ऋणको साँवा, व्याज र हर्जाना वापतको रकम चुक्ता भुक्तान गर्ने तर्फकुनै पनि किसिमको तत्परता नदेखाई संस्थासँग भए गरेका शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले उल्लिखित ऋणीहरुको नाउँमा बक्यौता ऋण चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थाको मुख्य कार्यालय वा सम्बन्धित सेवा केन्द्र कार्यालयहरुमा सम्पर्क राखी सम्पूर्ण ऋणको साँवा, ब्याज र हर्जाना वापतको बाँकी बक्यौता रकम चुक्ता गर्नु हुन सूचित गरिन्छ। उल्लिखित समयावधि भित्र सम्पूर्ण ऋणको साँवा, ब्याज र हर्जाना वापतको रकम चुक्ता नगरेमा तपाई ऋणीले ऋण लिदाँ उपलब्ध गराएको धितो लिलाम गर्ने, ऋणी तथा जमानी दिनेको नाम समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने लगायत ऋण असुल उपर गरी लिनको लागि सहकारी ऐन, २०७४ को दफा ७९, ८० र ८१ सहकारी नियमावली २०७५ को दफा ३०, कर्णाली प्रदेश सहकारी ऐन,२०७५ को दफा ८१ तथा अन्य प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री गरिने र उक्त प्रक्रियाबाट असुल उपर नभए ऋणीको एकाघर परिवार र ऋणीलाई व्यक्तिगत जमानी दिने जमानिकर्ताको नेपाल भर रहेको चल-अचल सम्पत्ति बाट सहकारी ऐन, २०७४ को दफा ८४ बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदै यथाशिघ्र कर्जा भुक्तानी गर्न गराउनु हुन सम्बन्धित पक्षलाई यसै सार्वजनिक सूचना मार्फत सूचित गरिन्छ।
तपसिल

| ऋणीको नाम | जमानी बस्नेको नाम ठेगाना |
| --- | --- |
| १.ऋणी: राजु कुमारी सुनार<br>बाबु :धन बहादुर बिश्बकर्मा<br>बाजे : पदम बहादुर बिश्बकर्मा<br>ठेगाना: वीरेन्द्रनगर ६ सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ६, सुर्खेत<br>ना.प्र.नं.:७४९५७<br>जारी मिति:२०६२/८/२३ | १. जमानी दिनेको नाम: मोतीलाल सुनार<br>बाबु : खल बहादुर सुनार<br>बाजेः नन्द बहादुर सुनार<br>ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत<br>हाल ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत |
| २.ऋणी :बिष्णु नेपाली<br>बाबु : मोहन दर्लामी<br>बाजे : उदय बहादुर दर्लामी<br>ठेगाना: वीरेन्द्रनगर ६, सुर्खेत<br>हालके ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत<br>ना.प्र.नं. :६००८३<br>जारी मिति:२०५९/११/११ | १. जमानी दिनेको नाम : रेबिका नेपाली<br>बाबु : पदम बहादुर नेपाली<br>बाजेः पूर्ण बहादुर नेपाली<br>ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत |
| ३.ऋणीः लिला बस्याल<br>बाबु : भक्त बहादुर सार्की<br>बाजे : सन्त बहादुर सार्की<br>ठेगाना : वीरेन्द्रनगर ४, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ४, सुर्खेत | १ जमानी दिनेको नाम: सुस्मा बसेल<br>ठेगाना : वीरेन्द्रनगर ४, सुर्खेत<br>हाल ठेगाना: वीरेन्द्रनगर ४, सुर्खेत |
| ४. ऋणी :शर्मिला कुरेल<br>बाजे: धनबीर बस्याल<br>बुबा: नर बहादुर सार्की<br>ठेगाना : वीरेन्द्रनगर ४,सुर्खेत<br>हालको ठेगाना वीरेन्द्रनगर ४, सुर्खेत<br>ना.प्र.नं. :६४१०१७/८४७६८<br>जारी मिति:२०६४/१०/१४ | १. जमानी दिनेको नामः राजेन्द बस्याल<br>ठेगाना : वीरेन्द्रनगर ४, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ४, सुर्खेत |
| ५.ऋणीः पुनम भाटिया<br>बाबु : धन बहादुर नेपाली<br>बाजेः हिमराज नेपाली<br>ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत<br>ना.प्र.नं. : ६४१०१७/९७२१५<br>जारीमिति:२०६७/४/११ | १.जमानी दिनेको नामः अमित भाटिया<br>बाबु : धन बहादुर नेपाली<br>बाजे : हिमराज नेपाली<br>ठेगाना :वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर६ , सुर्खेत |
| ६. ऋणीः भगवती बैगार<br>बाबु : मान बहादुर नेपाली<br>बाजेः काशिराम नेपाली<br>ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ५, सुर्खेत<br>ना.प्र.नं. : ७५६०७<br>जारी मिति: २०६२/९/२६ | १.जमानी दिनेको नामः रमेश बैगार<br>ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत |
| ७. ऋणीः महिमा नेपाली<br>ससुरा : राज कुमार दमाई<br>पति : अनिल नेपाली<br>ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ५,सुर्खेत<br>ना.प्र.नं. : 641017/95406<br>जारी मिति: २०६६/१२/१७ | १.जमानी दिनेको नामः : अनिल नेपाली<br>बाबु : राज कुमार नेपाली<br>बाजेः बबिता मेडाम<br>ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत |
| ८. ऋणीः नयनसरा बैगार<br>ससुराः गोपाल बैगार<br>पति : बर्दी बैगार<br>ठेगाना : ताराताल ५,बर्दिया<br>हालको ठेगाना: वीरेन्द्रनगर ५,सुर्खेत<br>ना.प्र.नं. : १९७/१९८०<br>जारी मितिः २०४६/०९/१६ | १.जमानी दिनेको नामः बर्दी बैगार<br>ठेगाना:ताराताल ५, बर्दिया<br>हालको ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत |
| ९. ऋणीः आशा कार्की<br>ससुराः हस्त बहादुर कार्की<br>पति : तेज बहादुर कार्की<br>ठेगाना : उत्तरगंगा ९, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ४, सुर्खेत<br>ना.प्र.नं. : भे. सु. ८/२१५३१<br>जारी मितिः २०५१/५/२६ | १.जमानी दिनेको नाम: नील बहादुर कार्की<br>ठेगाना :वीरेन्द्रनगर ४, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर ४, सुर्खेत |
| १०. ऋणी: शान्ती वि. के<br>बाबु : जंग बहादुर सुनार<br>बाजे : शेर बहादुर वि क<br>ठेगाना : लाटिकोइली १, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ११, सुर्खेत<br>ना.प्र.नं. : ६४१०२०/८७१९७<br>जारी मिति:२०६५/०७/25 | १.जमानी दिनेको नामः गगन बहादुर सुनार<br>बाबु : जंग बहादुर सुनार<br>बाजेः शेर बहादुर बिक<br>ठेगाना :वीरेन्द्रनगर ११, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ११, सुर्खेत |
| ११. ऋणी : तुल्सी नेपाली<br>पति : हरि बहादुर नेपाली<br>ससुरा: अम्मर सि दमाई<br>ठेगाना : वीरेन्द्रनगर ११, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर 12, सुर्खेत<br>ना.प्र.नं. : ६४१०१७/८६१३१<br>जारी मिति:२०६५/०३/१७ | १.जमानी दिनेको नामः मोतिमा दमेनी<br>पतिः अम्मर सि दमाई<br>ससुराः जसिराम दमाई<br>ठेगाना : सनिगाउ ३, जुम्ला<br>हालको ठेगाना :वीरेन्द्रनगर १२, सुर्खेत |
| १२. ऋणी : उशा सिह ठकुरी<br>बाबु : नर बहादुर सिह ठकुरी<br>बाजे : कालु सिह ठकुरी<br>ठेगाना : भेरीगँगा ११, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : ४३३<br>जारी मितिः २०६३/१०/८ | १ जमानी दिनेको नामः नर बहादुर सिह ठकुरी<br>बाबु : कालु सिह ठकुरी<br>बाजेः जोखु सिह ठकुरी<br>ठेगाना: रामघाट ४, सुर्खेत<br>हालको ठेगाना : भेरीगंगा ४, सुर्खेत |
| १३. ऋणीः कौशीला सुनार<br>पति: किशोर सुनार<br>ससुरा :तेज बहादुर सुनार<br>ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर ६, सुर्खेत<br>ना.प्र.नं. : ६४१०१७/१११९९४<br>जारी मितिः २०६८/१२/२० | १.जमानी दिनेको नाम :किशोर सुनार<br>बाबु: तेज बहादुर सुनार<br>बाजेः इन्द्रविर सुनार<br>ठेगाना :वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत |
| १४. ऋणीः खगिसरा सुनार<br>ससुराः पर्स बहादुर सुनार<br>पति : थिर बहादुर सुनार<br>ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ६, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-६९-०२६४३<br>जारी मितिः २०६९/१०/२ | १.जमानी दिनेको नामः मनोज वि क<br>बाबु : थिर बहादुर सुनार<br>बाजे : पर्स बहादुर सुनार<br>ठेगाना :वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगान : वीरेन्द्रनगर ६, सुर्खेत |
| १५. ऋणीः पुष्पा शाही<br>पति: राई बहादुर शाही<br>ससुराः अज बहादुर शाही<br>ठेगाना : वीरेन्द्रनगर ११, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर 4, सुर्खेत | १.जमानी दिनेको नामः राई बहादुर शाही<br>ठेगाना :वीरेन्द्रनगर ६,सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर ६,सुर्खेत |
| १६. ऋणीः शान्ता सार्की<br>ससुराः लाल सिह सार्की<br>पति : टेक बहादुर सार्की<br>ठेगाना : वीरेन्द्रनगर १०, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ६, सुर्खेत<br>ना.प्र.नं. :६४१०१७/११२१८१<br>जारी मितिः २०६८/१२/२९ | १.जमानी दिनेको नामः टेक बहादुर सार्की<br>ठेगाना :वीरेन्द्रनगर ६, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर६, सुर्खेत |
| १७. ऋणी : बिनोद गन्दर्भ<br>बाबु : कृष्ण बहादुर गायन<br>बाजे : परे गन्दर्भ<br>ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर५, सुर्खेत<br>ना.प्र.नं. :६४१०१७/१०११६७<br>जारी मिति : २०६७/१०/०५ | १.जमानी दिनेको नामः कृष्ण बहादुर गाइन<br>ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर ५, सुर्खेत |
| १८. ऋणी : सीता शाही<br>बाबु : मीन बहादुर शाही<br>बाजेः धन बहादुर शाही<br>ठेगाना : मालिका २, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर४, सुर्खेत<br>ना.प्र.नं. :६३२०४६/४७६<br>जारी मितिः | १.जमानी दिनेको नामः भिम बहादुर शाही<br>ठेगाना :वीरेन्द्रनगर ४ सुर्खेत<br>ठेगाना : दैलेख<br>हालको ठेगाना :वीरेन्द्रनगर ४ सुर्खेत |
| १९. ऋणीः फिरोज खान<br>बाबु :अयुप खान<br>बाजेः हमिप खान<br>ठेगाना : वीरेन्द्रनगर १०, सुर्खेत<br>हालको ठेगाना:वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-७३-००४२६ | |
| २०. ऋणीः सरस्बती सुनार<br>ससुराः प्रेम बहादुर बैगार<br>पति : रोहन बैगार<br>ठेगाना : साल्कोट ९, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-७०-०२९२६<br>जारी मिति:२०७०/६/२ | १.जमानी दिनेको नामः रोहन बैगार<br>बाबु : प्रेम बहादुर बैगार<br>बाजे : इन्द्र बहादुर बैगार<br>ठेगान : बीरेन्दनगर ५, सुर्खेत<br>हालको ठेगाना : बीरेन्दनगर ५, सुर्खेत |
| २१. ऋणिः मनरुपा सुनार<br>बाबु : कर्ण बहादुर सुनार<br>बाजे : बल बिर सुनार<br>ठेगाना : वीरेन्द्रनगर २,सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर २ ,सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-७५-०४०७६ | १.जमानी दिनेको नामः कर्ण बहादुर सुनार<br>ठेगान : वीरेन्द्रनगर २, सुर्खेत<br>हालको ठेगाना :वीरेन्द्रनगर २ ,सुर्खेत |
| २२. ऋणीः श्रीमती सेतु कुमारी सुनार<br>ससुरा : दुर्ग बहादुर सुनार<br>पति : बल बहादुर सुनार<br>ठेगाना : बीरेन्दनगर ५, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर-५, सुर्खेत<br>ना.प्र.नं. : भे.सु.१२५३३<br>जारीमितिः २०४५/१०/२५ | १०.जमानी दिनेको नामः श्री बल बहादुर सुनार<br>बाबु : दुर्ग बहादुर सुनार<br>बाजे : दलबिर सुनार<br>ठेगान : वीरेन्द्रनगर ५, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत |
| २३. ऋणीः छविसरा बिश्वकर्मा<br>ससुरा : राम बहादुर कामी<br>पति : गोपाल बहादुर विश्वकर्मा<br>ठेगाना : लेखगाँउ, १ सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ५, सुर्खेत<br>ना.प्र.नं. : ६४१०१४/८१९२७<br>जारी मितिः २०६४/२/२ | १२.जमानी दिनेको नामः गोपाल बहादुर बिश्वकर्मा<br>बाबु : राम बहादुर कामी<br>बाजे : कालुराम कामी<br>ठेगान: लेखगाँउ, १ सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत |
| २४. ऋणीः हिरा राना<br>ससुरा : विर्ख बहादुर राना<br>पति : खड्क बहादुर राना<br>ठेगाना : रामघाट १, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत<br>ना.प्र.नं. : ७३८९3<br>जारी मितिः २०६२/७/२७ | १२.जमानी दिनेको नामः खड्क बहादुर राना<br>बाबु : विर्ख बहादुर राना<br>बाजे : मानसिह राना<br>ठेगान : रामघाट १, सुर्खेत<br>हालको ठेगाना : बीरेन्दनगर ५, सुर्खेत |
| २५. ऋणीः टीका खत्री<br>ससुरा : मान बहादुर खत्री<br>पति : टेक बहादुर खत्री<br>ठेगाना : लाटीकोइली १, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ११, सुर्खेत<br>ना.प्र.नं. : ३२०५५<br>जारीमितिः २०५५/०२/१८ | १२.जमानी दिनेको नामः तारा खत्री<br>बाबु: टेक बहादुर खत्री<br>बाजे : मान बहादुर खत्री<br>ठेगान : वीरेन्द्रनगर ११, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर १२, सुर्खेत |
| २६. ऋणीः तुल्सी आचार्य<br>ससुरा : रामलाल आचार्य<br>पति : दान बहादुर आचार्य<br>ठेगाना : कुसापानी ४, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : ६३३०३२/५९<br>जारीमितिः २०७०/२/१४ | १.जमानी दिनेको नामः प्रकाश कुमार आचार्य<br>बाबु: दान बहादुर आचार्य<br>बाजे : रामलाल आचार्य<br>ठेगान : कुसापानी ४ दैलेख<br>हालको ठेगाना : वीरेन्द्रनगर १०, सुर्खेत |
| २७.ऋणीः विष्णु कुमारी थापा<br>ससुरा : ग़गन बहादुर भण्डारी<br>पति : प्रेम बहादुर भण्डारी<br>ठेगाना : नारायण न.पा. ५, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर ३, सुर्खेत<br>ना.प्र.नं. : ५३०<br>जारी मितिः २०४४/१०/०३ | १२.जमानी दिनेको नामः प्रेम बहादुर भण्डारी<br>बाबु: गगन बहादुर भण्डारी<br>बाजे : पदम बहादुर भण्डारी<br>ठेगान : उत्तरगंग़ा ८, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ३, सुर्खेत |
| २८.ऋणीः संग़िता अर्याल<br>ससुरा : हेमराज अर्याल<br>पति : खेमराज अर्याल<br>ठेगाना : नारायण न.पा. ९, दैलेख<br>हालको ठेगाना: वीरेन्द्रनगर ५, सुर्खेत<br>ना.प्र.नं. : ६३३००१/१००९<br>जारी मितिः २०६३/११/२१ | १२.जमानी दिनेको नामः खेमराज अर्याल<br>बाबु: हेम राज अर्याल<br>बाजे : दामोदर अर्याल<br>ठेगान : मुरुण १०, गुल्मि<br>हालको ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत |
| २९.ऋणीः हिमा गिरी<br>ससुरा : तिला गिरी<br>पति : जिवराज गिरी<br>ठेगाना : बजेडिचौर ४, सुर्खेत<br>हालको ठेगाना: वीरेन्द्रनगर ५, सुर्खेत<br>ना.प्र.नं. : ६५२२७<br>जारी मितिः २०६०/०९/१५ | १२.जमानी दिनेको नामः जिवराज गिरी<br>ठेगान : बजेडिचौर ४, सुर्खेत<br>हालको ठेगाना : वीरेन्द्रनगर ५, सुर्खेत |

विस्तृत जानकारीको लागि
**वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.**
वीरेन्द्रनगर-६, सुर्खेत
फोन नं. ०८३-५२२३१७/५२३३१७

# कर्णालीबाट छानिए चार महिलासहित पाँच समानुपातिक सांसद

**युग संवाददाता**
**सुर्खेत, २ चैत ।**

कर्णाली प्रदेशबाट प्रतिनिधिसभा सदस्य अन्तर्गत समानुपातिकतर्फ चार महिलासहित पाँच जना सांसद सिफारिस भएका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र श्रम संस्कृति पार्टीले एक/एक जनालाई समानुपातिक सांसद बनाएका हुन् ।



निर्वाचन आयोगमा सिफारिसमा परेका पाँच मध्ये एक पुरुष र चार महिला छन् । प्रत्यक्षमा एक सय २५ र समानुपातिकतर्फ ५१ लाख ८३ हजार चार सय ९३ मत प्राप्त गर्दै पहिलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले कर्णालीलाई समानुपातिक एक सिट मात्रै दिएको छ ।

देशभरबाट २७ जना सांसद छान्दा कर्णालीबाट सुर्खेतकी सीता बादी दलित महिला क्लस्टरबाट सिफारिसमा परेकी हुन् । यस्तै, नेकपा एमालेले कर्णालीबाट कालीकोटकी यशुदाकुमारी बराललाई सांसद बनाएको छ । उनलाई एमालेले महिला खसआर्यतर्फ पिछडिएको क्षेत्रबाट चयन गरेको हो ।

नेकपाले पार्वती विश्वकर्मालाई सांसद बनाएको छ । जाजरकोटकी पार्वतीलाई नेकपाले दलित महिला र पिछडिएको क्षेत्रबाट सांसदमा सिफारिस गरेको हो । नेपाली कांग्रेसले कालीबहादुर सहकारीलाई सांसद बनाएको छ । उनी कालीकोटबाट खसआर्य पुरुषको कोटमा पिछडिएको क्षेत्रबाट सांसद बनेका हुन् । यस्तै, हर्कराज साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले सुर्खेतकी राधिका रम्तेललाई सांसदमा सिफारिस गरेको छ । उनलाई दलित महिला क्लस्टरबाट सिफारिस गरिएको हो ।

# केराखेती प्रवर्द्धन गर्न कृष्णपुरका किसानलाई अनुदानमा बिरुवा

**युग संवाददाता**
**कञ्चनपुर, २ चैत ।**

व्यावसायिक रूपमा केराखेती गर्ने किसानलाई प्रोत्साहन गर्न कृष्णपुर नगरपालिकाले ५० प्रतिशत अनुदानमा केराका बिरुवा उपलब्ध गराउने भएको छ । केराखेती विस्तार तथा किसानको मागलाई मध्यनजर गर्दै अनुदानमा बिरुवा वितरण गर्ने योजना अघि बढाइएको हो ।

नगरपालिकाका कृषि शाखा प्रमुख लालबहादुर धामीका अनुसार किसान, कृषि समूह, फर्म, सहकारी तथा कृषि उद्यमीलाई मागका आधारमा केराका बिरुवा उपलब्ध गराइनेछ । किसानलाई कूल रु १० लाख मूल्य बराबरका केराका बिरुवा वितरण गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । केराका बिरुवाको मूल्यको आधा रकम नगरपालिका र आधा रकम किसानले व्यहोर्ने छन् ।

किसानलाई अनुदानमा बिरुवा उपलब्ध गराउन नगरपालिकाले रु पाँच लाख बजेट विनियोजन गरेको जनाएको छ । यस कार्यक्रमबाट केरा खेतीमा संलग्न किसानलाई थप प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ । हाल कृष्णपुर नगरपालिकामा व्यावसायिक रूपमा करिब ३५ भन्दा बढी किसान केरा खेतीमा संलग्न रहेका छन् । नगरपालिकाको विभिन्न क्षेत्रमा करिब ५५ हेक्टरभन्दा बढी जमिनमा केराखेती हुँदै आएको कृषि शाखा प्रमुख धामीले बताए ।


## शारदा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**खलंगा, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०१ गते**

शारदा नगरपालिकाभित्र समुदायस्तरमा मनोसामाजिक सहयोग तथा परामर्श सेवा प्रभावकारी रूपमा सञ्चालन गर्ने उद्देश्यले देहाय बमोजिमको पदमा करार सेवामा मनोसामाजिक परामर्शकर्ता पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा आवेदन फाराम भरी पेस गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नम्बर १२-०८२/०८३ सेवा-करार**

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यताप्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको र पोस्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको । • मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी तथा महिलालाई विशेष प्राथमिकता दिइनेछ । • दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । • प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । • कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको । • नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने । |

**कार्य अवधि :** हाललाई २०८२ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।
**परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
**तलब तथा अन्य सुविधा :** नियमानुसार ।
**आवश्यक कागजातहरू :** आवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो तीन प्रति साथै आफूले आवेदन दिन चाहेको पद स्पष्ट रूपमा खुलाइ निवेदनसहित नगरपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।
**आवेदन दस्तुर :** रु. ७०० ।
**छनोट प्रक्रिया :** प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरूलाई मात्र लिखित र अन्तर्वार्ता परीक्षामा समावेश गरिनेछ ।
**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिदेखि पन्ध्र (१५) दिनसम्म कार्यालय समयभित्र बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।
**आवेदन फाराम :** नगरपालिकाको प्रशासन शाखा प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Godawari Municipality
## Office of The Municipal Executive
**Attariya, Kailali**

### Invitation for Electronic Bid

**Date of First Publication: 2082-11-14(26 Feb, 2026)**
**Date of Second Publication: 2082-12-03(17 March, 2026)**

1. Godawari Municipality, Kailali, invites electronic bids from eligible bidders for the following Good:

| S. N | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last date of Bid Purchase and submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | GM/SQ/ 2082/83/01 | Supply, Delivery and installation of CCT, Internet in municipal building. | 75 days | 40000 | 1000 | Bid purchase and submission : 12:00pm, (2082/12/18) Bid opening: 2:00pm(2082/12/18) | |

2. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Godawari Municipality, Kailali.
3. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.

**Chief Executive Officer**



## Subhakalika Rural Municipality
## Office of the Rural Municipal Executive
**Sukatiya, Kalikot**
**Karnali Province, Nepal**

### Invitation for Bid

**First date of publication: 2082/12/03(2026-03-17)**

1. Subhakalika Rural Municipality Office, Sukatiya Kalikot invites electronic bid only for registered bidder/Suppliers for the Following Procurement and supply Works as per given below.

| S. N | Contract Identification Number/Works Description | Bid Security Amount (NRs) | Estimated Amount With VAT (NRs) | Bid Document Fees (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | SRM/KKT/G/SQ/5/2082-083 Veterinary Medicine Procurement and supply of it. | 20000 | 725575.3 | 1000 | 2082-12-18 at 12:00 AM | 2082-12-18 at 13:00 PM |

2. Bidder chooses to submit their bid electronically may purchase the bidding documents download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,
**Name of Bank :-Agricultural Development Bank limited** **Name of Office:-Subhakalika Rural Municipality**
**Office Code no :- 801066504** **Rajaswo Account no :-0725901535669050.**
3. Deposit Account no : 0725901535669042 Subhakalika Rural Municipality Office, Sukatiya, Kalikot and Name of Bank :- Agricultural Development Bank limited and submit bank deposit voucher along with the bid.

**Chief Administrative Officer**



## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### करार शिक्षक छनोट सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३)**

प्रस्तुत विषयमा यस कार्यालयको निर्णय बमोजिम यस नगरपालिकाको शिक्षा ऐन, २०७४ (तेस्रो संशोधन) को दफा २४ को उपदफा (२) वमोजिम देहायको विद्यालयका लागि देहाय वमोजिमको शिक्षक पदमा यस नगरपालिकाको करारमा शिक्षक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम देहायको पदमा खुला प्रतिस्पर्धात्मक प्रक्रियावाट पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| क्र. सं. | विज्ञापन नं. | विद्यालयको नाम, ठेगाना | पद | तह/ श्रेणी | प्रकार | विषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०।२०८२।०८३ | श्री शिव माध्यमिक विद्यालय, वीरेन्द्रनगर ११, धुलियाबिट | शिक्षक | माध्यमिक | करार | अंग्रेजी | १ (एक) | (कक्षा ११ र १२)+२ अनुदान |
| २ | २१।२०८२।०८३ | श्री सरस्वती माध्यमिक विद्यालय, रागसपाइला वीरेन्द्रनगर २, उत्तरगंगा, सुर्खेत | शिक्षक | माध्यमिक | करार | विज्ञान | १ (एक) | (संघीय शिक्षण सिकाई अनुदान) |

क. आवश्यक न्युनतम शैक्षिक योग्यताः- क्र.सं.१ को लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको वा सो सरह र क्र.सं.२ को लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको वा सो सरह।
ख. उमेर हदः- दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।
ग. पारिश्रमिकः- वीरेन्द्रनगर नगरपालिकाले तोके बोमोजिम
घ) दरखास्त दस्तुरः- रु.१,०००।-
ङ) दरखास्त साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरुः- देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफूले नै प्रमाणित गरी दरखास्त साथ पेस गर्नुपर्नेछ ।
  १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
  २. सम्वन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
  ३. सम्वन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
  ४. तालिम तथा अनुभवको प्रमाणपत्र
  ५. नगरपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद ।
च) दरखास्त वुझाउने अन्तिम मिति :- २०८२/१२/१७ गते सम्म र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र ।
छ) कर्मचारी छनोट सम्वन्धमा थप अन्य निर्णय लिने अन्तिम अधिकार यस कार्यालयमा रहनेछ ।
सम्पर्क मितिः- २०८२/१२/१८ गते कार्यालय समय भित्र र सो दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र ।
*(विस्तृत जानकारीका लागि यस नगरपालिकाको वेबसाईट www.birendranagarmun.gov.np मा हेर्नुहुन वा यसै कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा/प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।)*



## Gauriganga Municipality
## Office of Municipal Executive
**Chaumala, Kailali**
**Sudurpaschim Pradesh,Nepal**

### Invitation for Bids

**3rd Date of publication: 2026/03/17, Chaitra 3rd 2082**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for Various Works under National Competitive Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | GGM/WORKS/ NCB/ 14/2082/083 | Chaumala Bazar Chowk Dekhi Purano Bazar ward no.2 Jodne Sadak Staronnati tatha Naali Nirman Gauriganga-01, kailali | 30,69,727.21/- | 1,00,000/- | 3000/- NRS |

2 . Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2026/04/01, 18th Chaitra 2082.

**Undersecretory**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# स्वरोजगारका लागि सीपमूलक तालिम सञ्चालन

**युग संवाददाता**
**कञ्चनपुर, २ चैत ।**

स्वरोजगारमार्फत स्थानीयलाई आत्मनिर्भर बनाउने उद्देश्यले यहाँस्थित शुक्लाफाँटा नगरपालिकाले १३३ जनालाई सीपमूलक तालिम प्रदान गरेको छ। आर्थिक रूपमा विपन्न, दलित, जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार, द्वन्द्वपीडित तथा विदेशबाट फर्केका व्यक्तिलाई लक्षित गरी नगरपालिकाले चालु आर्थिक वर्षमा लघु तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रमअन्तर्गत सीपमूलक तालिम प्रदान गरेको हो।

सो कार्यक्रमअन्तर्गत काष्ठकला सम्बन्धी २०, ग्यास चुलो मर्मत सम्बन्धी २०, गुन्द्री बनाउने २०, खेलौना बनाउने १३, अटो ड्राइभिङ २०, दुना-टपरी बनाउने २० र फुट मसाज (सुत्केरी स्याहार) सम्बन्धी २० जनाले तालिम लिएका छन्। तालिम लिएका व्यक्तिलाई व्यवसाय सञ्चालनमा सहयोग पुगोस् भन्ने उद्देश्यले आवश्यक सामग्री पनि अनुदानमा उपलब्ध गराइएको कार्यक्रमका उद्यम विकास सहजकर्ता धनबहादुर चौधरीले बताए।

"तालिमसँगै आवश्यक सामग्री उपलब्ध गराएर लक्षित समूहका व्यक्तिलाई आत्मनिर्भर बनाउने प्रयास गरेका छौँ," उनले भने, "तालिम लिएका मध्ये धेरैजना स्वरोजगारमा संलग्न भई व्यवसायिक गतिविधि सञ्चालन गरिरहेका छन्।" तालिम लिएकामध्ये ३९ जनाले आफ्नै व्यवसाय सञ्चालन गर्न थालेका छन्।

दुना-टपरी बनाउने तालिम लिनुभएकी सरिता चौधरीले तालिमपछि दुना-टपरी उत्पादन गरी बजारमा बिक्री गरेर आम्दानी गर्न थालेको बताए। तालिम लिएर आधुनिक सिलाइ मेसिन अनुदानमा प्राप्त गरेका जगतबहादुर सिंहले गार्मेन्ट व्यवसाय विस्तार गर्न तालिमले सहयोग पुगेको बताए।

तालिम लिनेमा १८ वर्ष देखि ५५ वर्ष समुहका छन। जसमा धेरैजसो महिला छन्। नगरपालिकाका प्रवक्ता लालबहादुर ऐरले 'हात-हातमा सीप र घर-घरमा रोजगारी' पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको जानकारी दिए।

# बाजुराको उच्च भेगमा वर्षात्संगै हिमपात हुँदा किसान खुसी

**युग संवाददाता**
**बाजुरा,२ चैत ।**

यहाँस्थित उच्च लेकाली भेगमा गएरातिदेखि वर्षासँगै हिमपात भएको हो। गत माघ दोस्रो सातापछि पनि जिल्लाको उच्च भेगमा वर्षासँगै हिमपात भएको थियो। वर्षासँगै हिमपात भएपछि यहाँका किसान खुसी भएका छन्।

यहाँका बडीमालिका, बूढीगङ्गा त्रिवेणी, बूढीनन्दा नगरपालिका, हिमाली, खप्तड छेडेदह, गौमुल, स्वामीकार्तिक, जगन्नाथ गाउँपालिकाका लेकाली क्षेत्र र गाउँहरुमा हिमपात भएको छ। हिमपातका कारण हिमालीको विच्छ्या, रुगिन, बाँधु, गौमुलको अम्लिस, दहकोट, बूढीनन्दाको कुरु, पाण्डुसैन, खप्तड छेडेदह लगायतका स्थानीय बढी प्रभावित बनेका छन्।

कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख जसीराम सहानीले वर्षासँगै हिमापातले हिउँले बालीलाई राम्रो हुने बताएका छन्। त्यसैबीच, डिभिजन वन कार्यालयले वन्जयजन्तु तथा जङ्गली जनावरको चोरी सिकारी नगर्न आग्रह गरेको छ।

# शिव...

भने। स्थानीयले उद्योग स्थानान्तरण गर्नुपर्ने मागसमेत उठाएका छन्।

वडा नं. ५ का अध्यक्ष टिकानाथ यादवले उद्योगले सावधानी नअपनाउँदा आसपासका बस्तीका साथै महेन्द्र राजमार्ग भएर यात्रा गर्ने यात्रुहरू समेत दुर्गन्धबाट प्रभावित भएको बताए। नहरको पानी खाने गाईबस्तुमा समेत समस्या देखिन थालेको उनको भनाइ छ।

अनुगमन टोली उद्योग पुगेका बेला उद्योग सञ्चालक उपस्थित नभएको बताइएको छ। टोलीले उद्योगका कामदारसँग कुरा गर्दै सञ्चालकलाई गाउँपालिकामा उपस्थित भई छलफल गर्न निर्देशन दिएको छ।

अनुगमनमा प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्याय, वडा नं. ६ का अध्यक्ष जगदीश प्रसाद हरिजन, सूचना प्रविधि अधिकृत विकास जिसी, सामाजिक विकास समिति संयोजक रामअचल धोबी, वडा सदस्य अजमत अली साईसहित पालिका कर्मचारी, जनप्रतिनिधि र स्थानीयवासीको सहभागिता रहेको थियो। स्थानीयका अनुसार कत्था उद्योगबाट फैलिने दुर्गन्धको समस्या नयाँ भने होइन। हरेक वर्ष समस्या दोहोरिने गरेको भन्दै स्थानीयले दीर्घकालीन समाधानको माग गर्दै आएका छन्।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री प्रमोद चुनारा धनी रहेको, दर्ता नम्बर १०१६५/०७९/०८० बाट वीन.न.पा-११, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री पशुपति अटो सर्भिस सेन्टर नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## Birendranagar Municipality
## Office Of The Municipal Executive

Birendranagar, Surkhet
Karnali Province, Nepal

### Invitation For Bids


(First Date of publication: - 2082.12.3 B.S.)

1. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Birendranagar Municipality, Birendranagar Surkhet, Phone No: 9858063111& PPMO website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Estimated Amount (Excluding VAT & Including PS) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/BM/GOODS/082/083/7 | Supply Delivery of Sanitary Pad for Birendranagar Municipality, Surkhet | NRs. 3000/- | - | NRs. 53,000.00 | 2083.1.2, 12:00 Hr | 2083.1.2, 14:00 Hr |
| 2 | SQ/BM/WORKS/082/083/20 | Rajyog Meditation Kaksha Marmat Sauchalaya Nirman Tatha Wiring, Birendranagar 6, Surkhet | NRs. 1000/- | NRs.12,99,086.10 | NRs. 32,500.00 | 2082.12.17, 12:00 Hr | 2082.12.17, 14:00 Hr |
| 3 | SQ/BM/GOODS/082/083/5 | Sthaniya Pathyapustak Hami Ra Hamro Birendranagar Prakashan Tatha Bitaran, Birendranagar-Surkhet | NRs. 1000/- | - | NRs. 24,500.00 | 2082.12.17, 12:00 Hr | 2082.12.17, 14:00 Hr |

Chief Administrative Officer







युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।